

# सुजामाता

लक्ष्मीप्रसाद देवकोटा

# सृजामाता

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०३९

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (मैना)

*संस्करण* : पहिलो २०३९

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-07-29, 13:20:04 UTC

*Latest minor Correction* : 2026-07-29, 13:20:04 UTC

*Sahityaras ebook id* : 20260729132004

**Cover art**

*The Return of Persephone*

Frederic Leighton, ca. 1890–91

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*सम्पादकीय*

प्रथम खण्ड

द्वितीय खण्ड

तृतीय खण्ड

चतुर्थ खण्ड

अन्त्य खण्ड

# सम्पादकीय

महाकवि देवकोटाले बनारस-प्रवासकाल (२००४-०६) मै प्रस्तुत काव्यको रचना गरेका हुन्। यसको मूल पाण्डुलिपिका सिरानमा "सृजामाता" का साथै "सुन्दरी प्रसर्पिणी" भन्ने वैकल्पिक नाम लेखिएका छन्। आमा "सिरीज" सँग "सृजामाता" र छोरी "प्रोजर्पिना" सँग 'सुन्दरी प्रसर्पिणी' नाम सम्बन्धित देखिन्छन्। कविले प्रस्तुत काव्यमा प्रयोग गरेको सामग्रीको भित्री मर्म हेर्दाचाहिँ "सृजनामाता" नाम नै बढी सार्थक देखिन्छ। यस काव्यमा काव्यकारले नेपाली लोकछन्दकै प्रयोग गरेका छन्। यस काव्यमा ठाउँठाउँमा "मुनामदन" कै जस्तो मार्मिकता प्रकट हुन्छ र यसलाई देवकोटाका खण्ड-काव्यहरूमध्ये एक उत्कृष्ट खण्ड-काव्यका रूपमा लिन सकिन्छ। प्राचीन ग्रीसको पुराकथामा टेकेर पनि नेपाली लोकलयमा आधारित मार्मिक काव्य-विधानले गर्दा प्रस्तुत काव्य साह्रै नै मार्मिक प्रतीत हुन्छ। यसको 'अन्त्य खण्ड' चाहिँ काव्यात्मकभन्दा बढी वैचारिक व्याख्या जस्तो हुन आएको छ। सुकुमार लोकलयमा बहँदो कमलो काव्यका अन्त्यमा यतिको वैचारिक पुट दिने मोहबाट काव्यकार बच्न नसके तापनि शुरूदेखि चतुर्थ खण्डसम्मचाहिँ यो काव्य निकै प्रभावकारी पाइन्छ। हुनत स्वयम् काव्यकार पनि 'अन्त्य खण्ड' का थालनीमा यसो भन्दछन् :—

"कथा त मेरो सिद्धिइसक्यो रमाइलो जर्पिना।
टाढालाई जान नखोज्ने पुछून् यही ठाउँ पसीना॥१॥
रहस्य यसको क्या हो त भनी बुझ्नलाई जो खोजून्।
अगाडि बढी कलमको सङ्केत जो मिल्छ सो रोजून्।"

–सम्पादक

डा० वासुदेव त्रिपाठी

प्रा० ठाकुरप्रसाद पराजुली

# सृजामाता
## प्रथम खण्ड

(१)

सम्भनाभन्दा परको मिरमिर युगमा अतीत,
बादलको छेको लागेको सहर दूरको प्रतीत ।

(२)

सदृश यौटा ग्रीसको देशमा बस्ती छ पुरानो,
हेर्नलाई मन लागेमा हिंडूँ त्यो देश बिरानो ।

(३)

शस्यले श्यामल सुन्दरी धरा नागबेली नाला छन्,
त्यहाँका जन सरल मन लाल लाल गाला छन् ।

(४)

नीला छन् पर्वत ग्रीसका देशका वनले सुन्दर,
अनेक रङ्गी चिडिया बोल्ने ध्वनिका मन्दिर ।

(५)

बादल आई साँझका कालमा चुलीमा उज्यालो,
सुनौला सिंढी, बन्दछ भऱ्याङ् स्वर्गको उकालो।

(६)

देउ र द्यौता हावा र जलमा पर्वत वनमा,
विचरण गर्थे अनेक ढङ्का कथाका दिनमा।

(७)

तिनमध्ये यौटी सिरीज नामकी पृथिवी महतारी,
सारै नै असल सुन्दरी बूढी सुघाको रङसारी।

(८)

केशमा लाई गोदावरी फूल क्यै चाँदी परेका,
हँसिया हात खेतमा डुल्थिन् हरिया भरिया।

(९)

देवीमा सारै सहनशील आँखामा हालेर,
बिझाउन पनि नसक्ने जस्ती गाई-भैंसी पालेर।

(१०)

दूध र दहीको छेलो र खेलो पर्वते घरमा,
आनन्दसँग निवास गर्थिन् धर्मको भरमा।

(११)

केटा र केटी सपार्नलाई साह्रै नै सिपालु,
वचनकी मीठी आँखाकी छिटी सारै नै दयालु।

(१२)

नागवेली लाउँथिन् कमरपेटी नालाको कार्चोपी,
हँसिया भिर्थिन् हातमा यौटा काट्लाई अनोखी।

(१३)

नागको थियो उनको रथ ड्रागन नामको,
दुगुर्नलाई सारै नै मजा भीड पर्दा कामको।

(१४)

ड्रागन नागको मुखमा हुन्थ्यो अग्निको ज्वाला रे,
त्यो ज्वालासँग निस्कन्थे मुस्ला धुवाँका काला रे।

(१५)

बलिया हुन्थे ती नागहरू रथलाई घिसार्न,
बाइपङ्खी हुन्थ्यो तिनको पङ्ख पृथिवी चहार्न।

(१६)

सिरीज माता झुपडी यौटा रचेर सुन्दर,
बस्दथिन् त्यसमा धानका बिऊ जाँचेर सुन्दर।

(१७)

पाहाडी देश, पानी नै चिसो, हावा छ शीतल,
ग्रीसको पर्वत, नेपाल झैं लाग्छ सम्झेर झल्झल।

(१८)

त्यहाँका मान्छे नेपाली वीर भैं वीरमा प्रख्यात,
ठूल-ठूला काममा लडाइँमा थिए जगत विख्यात।

(१९)

सिरीजको सानो भुपडी बेस पहाडी कराली,
लिएर राम्रो भाङिलो बागले रहेको सिङ्गारी।

(२०)

तोते है बोली गरेका पाठा फुर्किन्थे आँगनमा,
सिरीजकी छोरी प्रोजरपीना खेल्दथिन् मगनमा।

(२१)

लालगाले राम्री उज्याली ठिटी स्याउकी रङ्गकी,
सारै नै बान्की मुखको मीठो अप्सरा ढङ्गकी।

(२२)

सिरीज उनलाई संभाउँथिन् सधैं "ए पीना नजानू",
बाहिर टाढा लाग्ला है काँढा विदेशी बिरानू।

(२३)

टाढाका देशका विदेशी आउँछन् ठिटीलाई चोरन,
नजाऊ प्यारी! पीना! है टाढा ओखर फोरन।

(२४)

ए मेरी मीठी सुन्दरी पीना! स्याउगाले रसीली,
घरैमा बस्नु म जाँदा टाढा ए छोरी! हँसिली।

(२५)

भनेर छोइन् मायाको ओठले लालीको मिठास,
सिरीज माता हेर्नलाई गइन् धानको विकास।

(२६)

नागको रथ तयार थियो खेतको आलीमा,
रथमा बसी कोर्रालै हानिन् फणाको जालीमा।

(२७)

हुर्हुर गरी फर्फरी पङ्ख नागले उचाले,
हावाको पथमा रथ है उड्यो आगो र धुवाँले।

(२८)

पहिले आफ्नो नजिकको बारी चहारी फर्किन् ती,
धानको बिऊ कति भो लामो भनेर हेर्थिन् ती।

(२९)

प्रोजरपीना रङ्गिली मनकी स्वप्नकी सहेली,
पन्ध्रमा पुगी स्याउगाले बन्दी तरङ्गी हँसिली।

(३०)

आमाको सुनी वचन राम्रो छिनैमा बिर्सेर,
लहडको आफ्नो बाटोमा हिंडिन् घरलाई बिर्सेर।

(३१)

फूलको उनलाई साह्रै न प्यार सुगन्धी कलीला,
चढेर जाँदो बैंसमा मिल्ने रंगले हँसिला।

(३२)

पातलो राम्रो गहुनको घाँगर फूलबुट्टे लाएर,
फूल टिप्ने निहुँले ती बाहिर हिंडिन् मुस्केर गएर।

(३३)

समुद्र तीरमा पजीउन बूढा जल महल बनाई,
झ्याउको सेजमा लेटेर सुत्थे घाममा निदाई ॥

(३४)

समुद्र परी मछिली परी झ्याउ केशी सुन्दरी,
तीरमा खेल्थे सीपीको दाना कान थापी मर्मरी।

(३५)

तिनसँग खेली तीरमा क्यै बेर फूल टिप्न हिंडिन् ती,
हलुका कदम चालेर टाढा फूल टिप्न हिंडिन् ती।

(३६)

झ्याङ थियो फूलको साह्रै नै राम्रो पोल्टामा भरिन् फूल,
फूलमाला आमालाई गुथूँ भन्थे उनका मनका मूल।

(३७)

तिनले देखिन् झलक्क त्यहाँ गजबको उज्यालो,
अनेक रङको नदेखिएको फूलको अँगालो।

(३८)

बोटमा यौटा एकहाते सुन्दर रङ्गले मसक्क,
ढक्क र मक्क फुलेको बोट हाँस्दथ्यो गमक्क।

(३९)

क्या राम्रो फूलको बोट पो रैछ टिपेर सिङ्गुलै,
जरा नै समेत उखेली सार्छु बागमा यसलाई ॥

(४०)

आमालाई लाग्छ गजबको ताजुप बाग हुन्छ उज्यालो,
भनेर तिनी हल्लाउँछिन् जरा आशले उज्यालो।

(४१)

बल त धेरै परेको थेन बैंसका हातको,
तलको भुईं मुख बाई उठ्यो जराका साथको।

(४२)

आम्मै! यो क्या हो? भनेर तर्सिंन् अलिक हच्किन् ती,
अँध्यारो खाल्टो मुख बाई उठ्यो किनारमा थच्किन् ती।

(४३)

फूलको बोट जरा नै सुद्ध हातमा झिलमिल छ,
अँध्यारो खाल्टो देखेर तर्सी मनमा खल्बल् छ।

(४४)

घुरुर्र आयो आवाज यौटा अँध्यारो खाडीमा,
तुरुन्तै यौटा रथ पो उत्र्यो वेगको बाढीमा।

(४५)

प्लुटोका नामका कल्सेंदा देव रत्नको यानमा,
ग्रीसका देशका यमराज तिनी तिमिर स्थानमा।

(४६)

ईश्वरले राखी दिएका राजा पातालका नृपति,
हीराको इस्टार चंकाई आए जगमग बनी ती।

(४७)

झट्ट र पट्ट प्रोजरपीना हातले समाती,
रथमा हाली घोडालाई कुदाई हिंडे ती नजाती।

(४८)

हुन त सारै दयालु दिलका यमपुरका महाराज,
नीतिले बद्ध हुँदामा कठोर मनले गर्थे राज।

(४९)

अँधेर पुरी पातालतिर पृथिवीमनि छ,
सारै नै धनी हीरा र मोतीहरुले भरी छ।

(५०)

उज्यालो छैन सूर्जेको तल देखिन्न चाँदनी,
रत्नको ज्योति झिल्मिलि बल्छन् गराई देश धनी।

(५१)

दर्बार थियो मर्मरको ठूलो राजाको दर्बार,
नभई तर सँगिनी उसलाई अँध्यारो घरबार।

(५२)

सुनेर सारै अप्सरा राम्री प्रोजरपीनाको,
सुनेर जाल है यमले रचे सँगिनी लिनाको।

(५३)

प्रोजरपिना कल्सिंदा पुरुष देखेर डराइन्,
कलिली ठिटी फूल झैं राम्री चिच्याइन् कराइन्।

(५४)

उनको क्रन्दन हावामा चल्यो कसैले सुनेन,
कठै ती रुन्थिन् स्याउगाले ठिटी रोएर पुगेन।

(५५)

पोल्टाको फूल बाटामा छरी रोएर चलिन् ती,
फर्कुंला भन्ने आशामा कठै निराश झुलिन् ती।

(५६)

अँध्यारो बाटो नागवेली चल्थ्यो यमका पुरमा,
रत्नको खाली प्रकाश थियो सबका घरमा।

(५७)

दरबार पुगिन् सारै नै राम्रो माणिकको खम्बा छ।
कलाले सुन्दर त्यो राजमन्दिर उज्यालो खडा छ।

(५८)

यथेष्ट धन पोशाक मिल्छन् मोतीका हार रे!
अँध्यारो लाग्यो तैपनि उनलाई यो घरबार रे,

(५९)

पृथ्वीको फूल आखिरी हातको वैलाई गएछ,
आँसूले भिजाइ अकेली वस्थिन् आँसुले मौले छ।

(६०)

नामका प्लुटो पातालका राजा यमले बोलाए,
जुहारका भुप्पा रंगिला दिई मन उनको फुलाए।

(६१)

सँभिन्नन् तर प्रोजरपिना मन उनको रूँदो छ,
संभना बर्सी बिजुली भलक स्वदेश छुँदो छ।

(६२)

बन है गोरी ए मेरी रानी! सुन्दरी जर्पिना,
जुहारले तिमीलाई ढाकेर राख्छु मखमली बिछ्यौना।

(६३)

मनको तिम्रो संपूर्ण इच्छा पुऱ्याई दिनेछु,
न मान सुर्ता घरमा मेरो सब थोक दिनेछु।

(६४)

सर्वस्व तिम्रो उज्याली नानी ! यो देशको जुहार,
होला है ! भेटी जर्पिना हेर्न हाँसेको मुहार ।

(६५)

एकबार तिमी मुस्काइद्यौ न मोतीका दन्तले,
यमपुरमा खस्ला स्वर्ग जो भन्छन् साधु र सन्तले ।

(६६)

न ठुस्स पर जर्पिना ! मेरी यमपुरकी रानी छौ,
कलिली यस्ती सुन्दरी तिमी रूपकी खानी छौ ।

(६७)

ढुङ्गा झैं कठोर हृदय लिई किन हो हेरेकी,
सारै नै कुरूप म पनि छैन, के आँखा तरेकी ।

(६८)

म पनि सारै अकेला भई खोज्दथे सँगिनी,
बयान तिम्रो सुनेर ल्याएँ हे पुष्प-भगिनी ।

(६९)

पुरुषको दिलको प्रेमको माझ जीवन अर्पन,
फालेर निठुर कोमल हातले न त्यसै फर्कन ।

(७०)

भनेर मीठा वचन गरी मधुर व्यञ्जन,
फर्माई ल्याए उनको अघि मनलाई रञ्जन।

(७१)

जर्पिना तर ठसक्क ठस्किन् उठेर हिंडिन् ती,
खाइनन् केही पिइनन् केही अकेली रहिन् ती।

(७२)

धेरै नै बिते यमपुरमा दिन भोक र प्यासमा,
फर्काई लग्लान् पृथ्वीमा भनी असफल आशमा।

# द्वितीय खण्ड

(१)

सिरीज माता नागका रथमा दूरको विदेश,
धानको बाली जाँच्नलाई गइन् बनेर बेहोश।

(२)

को बुझ्थ्यो कठै! विधिको चाल जालको चक्कर,
सिरीजको ध्यान धानका खेतमा रहन्थ्यो टक्कर।

(३)

जब ती रातमा फर्केर आइन् झुप्रोमा सुघर,
देखिनन् आफ्नी प्यारकी छोरी रित्तो छ मन्दिर।

(४)

बोलाइ हिंडिन् हप्काइ हिंडिन्, छिमेक चार्छिन् ती,
देख्दिनन् छोरी छिमेकभरी आश नै मार्छिन् ती।

(५)

गएर सोधिन् गोठालासँग देख्यौ कि भनेर,
देखिन भन्छ गोठालो पनि चकित बनेर।

(६)

समुद्र परी झ्याउकेशीहरू खेलेर गएकी,
फूल टिप्न भनी फर्किनन् भन्छन् समुद्र छिमेकी।

(७)

फलको बोट उखेलिएको क्यै माटो मिल्काई,
क्यै खाल्टो जस्तो परेको देखिन् चिराँक सल्काई।

(८)

लागेर शङ्का तिनले खोदिन् यमको खाडल,
यमको दूतले पुरेको थियो ढुङ्गाले अचल।

(९)

"खै मेरी छोरी! छातीकी छोरी! खै मेरो छोरी नि,
खै मेरो छोरी जर्पिना गोरी जगत्की हूरी नि।

(१०)

भनेर रोई जगत्मा फिरिन् चिराँक बालेर,
बिलौना गरी, बिलौना गरी दुःखलाई पालेर।

(११)

आमाको दिल झैं हुँदैन दिल छोरीको उपर,
कुसुमकोमल सुगन्ध स्नेह मायाले अमर।

(१२)

आमाको दिल रुलाउनेलाई दैवले सराप्छ,
सिरीज माता साह्रै नै रोइन आँशु नै क्या पाप।

(१३)

आमाको दिल रुलाउनेलाई नरकको वास छ,
आमाको आँशु खसाउनेलाई न कहीं आश छ।

(१४)

साह्रै नै दुःखी जननी सिरीज जगतै रोएर,
विलौना गरी घर घरै फिरिन् चिराँक लिएर।

(१५)

"हा मेरी छोरी! हा मेरी! छोरी शिरीष कलीली,
स्याउको रँग भएकी ठिठी रत्न झैं हँसीली।

(१६)

कुन पापी आई तिमीलाई लग्यो कुन देश बिरानो,
कसरी तिमी रोएको ह्वौली घर संझी पुरानो।

(१७)

ए तारागण! मलाई भन छोरी छन् कहाँ रे,
ताराले झिम्के त्यस वेलादेखि नजर यहाँ रे।

(१८)

पृथिवी माता रोएकी हेर्न कठिन बनेर,

ताराको अचल ज्योतिमा झिमझिम पर्न गो कठोर।

(१९)

"हा मेरी छोरी ! रत्न झैं गोरी बोलेनन् ताराले,
यी कस्ता अन्धा रात भन्दा बन्द नदेख्ने साराले" ।

(२०)

"हा मेरो छोरी ! फूल झैं गोरी हावाहो, भनन,
वायुका देव, जलका देव, बिलौना सुनन" ॥

(२१)

हावा त झन् झन् डरले भागे, जल त कुदे दूर,
बिलौना तिनको साह्रै नै तिखो छेड्दथ्यो सबै उर।

(२२)

पर्वतमा गइन् पर्वतमा सोधिन् पर्वत ढुङ्गा भो,
नबोली त्यसै अचल बनी तपस्वी नङ्गा भो।

(२३)

रातभर हिंडिन् अकेली भन्भन् वियोगी जननी,
शिशुको हानि आँखामा पानी महतारी अवनी।

(२४)

देखेनौं भन्छन् जल र वायु देखेनौं भन्छन् खेत,
उदेक यस्तो भएन अघि गजबको त्यस्तो खेद।

(२५)

सबैको आँखा छलेर त्यसै दुष्टले उडायो,
छातिको आँशु मुटुमा गाँठो कसेर करायो।

(२६)

वियोगभन्दा कठोर छैन ढुङ्गा र पहाड,
जननी दिलको आँशुको भुल्को छेड्दछ पहाड।

(२७)

आमाको दिलको कठोर रोदन आमाको नजर जल,
आमाको दिलको बिलौना हरि! बन्द छ सागर मल।

(२८)

कलेजा आफ्नो आफ्नो नै मासू आफ्नो नै आत्मा छ,
आफ्नो नै मुटु जीवनको जुहार वियोगको रातमा छ।

(२९)

सिरीज माता बहुलाही जस्ती जगत चारेर,
चिराँक लिई दिन रात घुमिन् छातीलाई फारेर।

(३०)

आइपुगिन् तिनी हेकेटी माइकाँ विषाद वदनी,
दिग्दारीकी ती मंकाली देवी सजल नयनी।

(३१)

पपीको फूलको लगाई ताज गुफामा अँधेरी,

एकान्तवासी रहन्थिन् तिनी साँझ र सबेरी।

(३२)

झारको सुख्खा पातलो ओछ्यान् भस्मले लेपेर,
खुंचेका रेखा निधारका बस्थिन् वैराग्य जपेर।

(३३)

सुकेका गाला सुकेका छाला रगतविनाकी,
निहुरेर बस्थिन् दिग्दारी माता विरागी मनकी।

(३४)

चिथरो झुत्रो पोशाक उनको पिलपिले बत्ती छ,
गुफामा कोही पस्दैन उनको सुकेको बत्ती छ।

(३५)

संसारलाई गरेर गाली विधिलाई हपारी,
दिग्दारी भावको सधैंलाई भर्थिन् महको भकारी।

(३६)

सिरिज माता चिराँक लिई गुफामा पसिन् ती,
रोएर पसी हेकेटी निकट रोएर बसिन् ती।

(३७)

हेकेटी देवी रोएको देखी भन्दछिन् सह्रानी,
सिरीजको गरी बुझीछौ तत्व जगतको ए नानी।

(३८)

"योगको भ्रम वियोग सत्य संसारको नश्वर,
हाँस्ने हुन् काना रुने हुन् साँचा रुने नै काम गर।

(३९)

रोएर बस्ने संसार बुझ्छ रुनेले जान्यो ज्ञान,
नरोई हिंडने अन्धो छ सिरीज फूलको हवायान।

(४०)

आँसु छ गहिरो, हाँसो छ केवल अँजुली समान,
संसार त्यागी यहीं नै बस हौस्नलाई नमान।

(४१)

कुत्कुते जीवन नाशको गुद्‌गुद क्षणको भावी छ,
मूर्खको सेतो भकुण्डो भित्र दाँतको जावी छ ॥

(४२)

संसार सारा हो परिवर्तन नर्तन नाशको,
यो चिताभित्र जलेर हाँस्ने हो मूर्ख खासको।

(४३)

आत्मालाई छैन जगतमा सुख्ख अक्षर छैन यो,
दुःखलाई आफ्नो मानेर हाँस्ने झूटो हो चैन त्यो।

(४४)

रोएर बस्ने बुद्धिमान हुन्छ सिरीज बसन,

स्टिजियन् गुफा मेरो छ खासा मिलेर रोऊँ न" ।

(४५)

हेकेटी यति बोलेर रोइन् रोदन वेदान्ती,
सिरीजमाता भन्दछिन् तिनमा "हेकेटी रुदन्ती।

(४६)

म रुन मात्र आएकी होइन जीवन जीउन,
रुनु र हाँस्नु मलाई दोटै प्रकृत रहन।

(४७)

अहिले रुन्छु हेकेटी माई! हराइ छोरी रे,
प्रोजरपिना अप्सरा राम्री हिउँ जस्तो गोरी रे।

(४८)

भनन भन हेकेटी माई यो बाटो आइन् कि?,
क्वै दुष्ट लिई जान्थ्यो कि तिनलाई आवाज गरिन् कि?

(४९)

क्रन्दनका सब आवाज आउँछन् गुफामा अँध्यारो।
स्टिजियन् गुफा हेकेटी माइको दुःखको चटारो।

(५०)

भङेरी पनि बाजले बच्चा पक्रेर रुँदामा,
रोदन आफ्नो पठाउँछे वहीं दुःखले छुँदामा।

(५१)

जर्पिना मेरी बाटामा कहीं अवश्यै रोइन् रे,
क्रन्दनले तिम्रो हेकेटी माई गुफालाई छोइन् रे।

(५२)

हेकेटी लागिन् शब्दको रौरव स्मृतिको विनन,
क्रन्दनहरू जीवनका लाखौं नजीकका गिनन।

(५३)

क्रन्दन आयो उठेर एउटा जर्पिना नानीको,
तिनले भनिन् यमपुर पथमा क्रन्दन छ नानीको।

(५४)

अवश्यै तिम्री उज्याली छोरी यमले चोरेछ,
सबैका आँखा छलेर सिरीज! यमपुर तरेछ।

(५५)

तर के तिमी खोज्नलाई हिंड्छ्यौ हीं बस रोऊन,
संसारको दुःख अँधेरी गुफा बीचमा धोऊन।

(५६)

हेकेटी दिन्थिन् सल्लाह यही सिरीज अँध्यारी,
सोद्धछिन् बाटो यमपुरको कुन हो म लिन्छु सवारी।

(५७)

हेकेटी भन्थिन् सूर्यलाइ सोध आकाश विचारी,
सबैलाई देख्ने सब बाटो देख्ने आँखालाई उघारी।

# तृतीय खण्ड

(१)

पृथिवीभर भएन बाली कार्तिकदेखिन् रे,
रूखका पत्ती दुःखले झरे फूलरानी झुकिन् रे।

(२)

राजा जो वनका श्रीवनस्पति दिग्दार बनेर,
प्रजाको हीन दशालाई हेर्थे दिनलाई गनेर।

(३)

साग र पात तुषारो लागी हिउँद आयो रे,
पृथिवी भइन् दुःखले नाङ्गी सिंगार गऱ्यो रे।

(४)

किसान पनि दुःखित भए कोदाली खसाली,
बनेन केही खेतमा बाली परिश्रम निकाली।

(५)

तीन मास भयो पुसको अन्त जर्पिना हराइन्,
तीन मास बसी यमपुरमा तिनी भोकै नै बिताइन्।

(६)

पृथिवीउपर गडबड पऱ्यो मानव-थितिमा,
अन्न नै छैन पात नै छैन आजको मितिमा।

(७)

भनेर उजूर महेशकहाँ ज्वालामुखनिवासी,
देवको पऱ्यो त्यस वेला त्यहाँ दशा त्यो प्रकाशी।

(८)

मर्करी भन्ने देवका पूत हास्यका वदन,
ठट्यौला साह्रै, लीलाका चतुर, चतुर भ्रमण।

(९)

मर्करी देव पारोका नाम छलबले झिलिक्क,
नागबेली लट्ठी पँखेरू खराउ नजरका मिलिक्क।

(१०)

मर्करीलाई जुपीटर देवले बोलाई अह्राए,
तिमी नै गई यम र पृथ्वीको मुद्दा मिलाए।

(११)

मर्करी उडे खराउपंख नागबेली लौरा ली,
ठट्यौला पन बाटामा देखाई सीधामा बैराली।

(१२)

यमपुरमा तर प्रोजरपिना खानपान विनाकी,

गलेर गइन् पहेंली फूल नीरसले झीनाकी।

(१३)

बल्ल र तल्ल पृथिवीबाट दूतलाई पठाई,
एक सुख्खा अनार चोरेर ल्याए गरेर ढिठाइ।

(१४)

त्यसको दाना माणिक जडित सुनको प्यालामा,
हालेर केही जर्पिनालाई प्यासको ज्वालामा।

(१५)

दिएर आफ्नै हातले भने प्लुटोले गभीर,
पृथ्वीको फल माताको जान बक्सीस भनेर।

(१६)

आमाको घरको फलको दाना टिप्नलाई नमाने,
पाप लाग्छ नानी न निठुर बन, पाप लाग्छ यो जाने।

(१७)

साह्रै नै तिमी गर्वमा रह्यौ साह्रै नै मानिनी,
यो फलको दाना सप्रेम टिपे के हुन्छ हानि नि ?

(१८)

वचन यस्तो गरेर साह्रै कर लाग्यो टिपन,
एक दाना तिनले टिपेर चाखिन् प्रेमले भनन।

(१९)

त्यस वेलादेखि भाव नै बदल्यो मुसुक्क हाँसिन् ती,
तिनलाई माया प्लुटोको लाग्यो दिग्दारी नाशिन् ती।

(२०)

अन्नले हुन्छ तदनुसारी भावको सिर्जन,
प्रोजरपिना प्रेम गर्न लागिन् प्लुटोको मनमन।

(२१)

हुनता काला पातालका राजा अँधेर पुरीका,
तैपनि मलाई कसरी कल्पे दयालु भारीका।

(२२)

गाली नै गर्दा कल्सेंदा भन्दा ए काले भूपति,
सहेर तिनी नरिसाई बसे भक्तभैं सुमति।

(२३)

मलाई यस्तो ठानेर रत्न ल्याएर फुलाए,
यतिको तकलीफ दिएँ नि मैले यिनले के पाए?

(२४)

पुरुषको दिल दुखाउनु छैन आफूलाई भजेर,
जीवन धन सर्वस्व अर्पे स्वार्थलाई त्यजेर।

(२५)

म यिनका निम्ति कति छु प्यारी आँखाको म धन,

एकबाजि सुने प्रेमको मधुर दिलको वचन।

(२६)

भावले कोमल हालेर जरा हृदय समायो,
निष्ठुरतामा वज्र झैं आफ्नो थोपा पो रसायो।

(२७)

"मुसुक्क हाँसी प्लुटोको छेउ गएर बसिन् ती,
"साह्रै नै मैले दुखाएँ दिल हजुरको?" भन्छिन् ती।

(२८)

सजलनयन तपस्वीसरि प्रेमका यमले,
यति हे मधुर प्रेमको वचन नपाई नियमले।

(२९)

साह्रै नै दिक्क भएको दिल सुकाई बस्थे ती,
सुनेर आज कोमल वचन गद्‌गद भए ती।

(३०)

मुटु नै सर्र रसाई आयो; आँखालाई भनेर,
नसामा चल्यो प्रेमको रस जीवनै फुलेर।

(३१)

जीवनको आशा पुष्पमा पऱ्यो स्वर्गको जलबिन्दु,
सुवास आयो लाजको हरेक उर्लियो रस-सिन्धु।

(३२)

पुरुष हुन्छ विफलतामा बागको तुषार,
पर्खेर गर्छ तपस्या लामो पदको सुसार।

(३३)

प्रेमको हुन्छ प्रथम स्पर्श प्रथम पयर,
अबला ओठमा, खुल्दछ जब मृदुल अधर।

(३४)

पुरुषबाट आह्वान हुन्छ प्रेमको जीवन,
मुटु ली चल्छ रसले दिंदा बैंसले वचन।

(३५)

प्लुटोको दिल साह्है नै रोयो प्राप्तिले सफल,
काँढाका दिल फूल ताज भए दिवस विफल।

(३६)

आँखामा आयो डुबुल्के प्रेम रसले भुल्भुल,
दिलले बोल्यो "हा मेरी रानी!" मौनको कुल्बुल।

(३७)

तुल्बुल भयो कल्पने हाँगा चाँदनी रसमा,
बोलेनन् प्लुटो एकछिन पिई मुहार सुषमा।

(३८)

अकेला दिल संगिनीविना राजको मरुमा,

हिउँदको बूढो रूख झैं फुल्यो रँग आयो तरुमा।

(३९)

झट्ट ती उठी जर्पिनालाई पलङ्मा बसाले,
हातलाई तानी चुंबन दिई जलबिन्दु खसाले।

(४०)

स्वर्गको राज्य आँखामा मिल्यो मुहारमा नन्दन,
भाग्यलाई तिनले धन्यवाद दिए देवमा वन्दन।

(४१)

स्पर्शले कोमल अम्लान रस तनमा उचाल्यो,
दृष्टिले सुन्दर अबोल भाषा मनको निकाल्यो।

(४२)

बोलेनन् दुई दम्पती धेरै प्लुटोको यो वाणी,
"अब ता तिमी सधैंकी धन दिलकी हे रानी" !

(४३)

सुनेर बोल्न कठिन भई लज्जा र प्रेमले,
छातीमा औंला देखाई झारि आँशुको बिन्दु रे।

(४४)

प्लुटोले लिए रेशम रुमाल जलबिन्दु पुछ्नलाई,
स्पर्शले तिनको दोस्रो यो जीवन यमपुर भो आर्को हाइ!

(४५)

अँधेरी गयो राज्यको तारा उज्यालो विचित्र,
छाएर आयो स्वप्नाले लिप्यो बाहिर औ भित्र।

(४६)

भरोस भावी स्पर्शपिपासु जर्पिना लजाइन्,
यमले उनलाई बगलमा राखे झुकेर रसाइन्।

(४७)

"म कस्ती निठुर यतिका दिन भावले विहीना,
पापिनी रै छु" दगुऱ्यो भाव "दयाकी कमीना" ।

(४८)

जो बाँकी थियो अनारदाना प्रेमले चुल्बुल,
उठेर ल्याइन् प्यालामा हाली बोल्दछिन् बुल्बुल।

(४९)

"टक्र्याऊँ कि दाना ज्यूनारलाई"—घरेलु रसले,
यमले टिपे केही दाना भन्छन् प्रेमका वशले।

(५०)

"टिपन तिमी केही दाना सुन्दर दन्त झैं उज्वल,
शर्माई तिनी ओठ बन्द गर्छिन् टिपेर त्यै पल।

(५१)

यसरी बढ्यो प्रेमको रस यमका महलमा,

अनेक प्रेमको विकास भो कला यमको टहलमा।

(५२)

चुनरी पारी सेजमा सुनको यमको सिरक,
नागवेली कला देखाइन् एक दिन रखाइको फरक।

(५३)

यमले देखी बोलेन केही भावले बखानी।
केवल भने, "कत्तिको दिग्दार लाग्दछ हे नानी!"

(५४)

जर्पिना भन्छिन्, "रत्नको देश कम छ र हजुरको?"
केवल माइत मन लाग्छ एकबार देख्नलाई परको।

# चतुर्थ खण्ड

(१)

रोएर हिंड्थिन, सिरीज तर माघका ठण्डीमा,
चिराँक लिई दिन र रात वियोगको बन्दीमा।

(२)

अपोलो देव अनन्तयुवक स्वर्गका विहारी,
समुद्र भवन सुवर्ण वीणा तेजले झंकारी।

(३)

हाँसेर हिंड्थे मगनमस्त धप्धप बलेर,
संगीत मधुर संसारमा फिंजाइ जगतै भुलेर।

(४)

तिनलाई गई सिरीजले सोधिन् अपोलो भनन,
सुन्दरी छोरी जर्पिना मेरी कहाँ छन् भनन।

(५)

सूर्यले भने फुर्सदै छैन सिरीज महतारी,
तेजको झन्कार मगनमस्त गगनविहारी।

(६)

एक झन्कार बिग्रे भूर्भुवस्वमा पर्दछ खल्बल,
कसरी भनूँ नपार्नोस् मलाई यो कठिन अलमल।

(७)

सुनेर यस्तो पृथिवी माता सूर्यकी सह्रानी,
आँखामा जल ली सराप्छिन् एकबार "बेफुर्सद ए नानी।

(८)

आमाको आँखा भिजेको देखी नबोल्न वचन,
तिमीलाई लागोस् ज्योतिमा टाटो अदृश्य गहन।

(९)

यसपछि भयो सूर्यमा धब्बा आँखाले नदेख्ने,
तर त्यो ज्योति पुंजजे ढाक्यो विश्वको दिल राख्ने।

(१०)

त्यसपछि गइन् एक देशभित्र सिरीज विलापी,
उपाय शोच्न केही काम गर्ने विचार प्रभावी।

(११)

राजाका छोरा एउटा नै थिए कोमल वदन,
जन्मेका अरू टिकेनन् कोही वंशका रोदन।

(१२)

त्यो एक छोरो जिलाउनलाई धाइको दरकार,
सिरीज माता त्यस वेला पुगिन् त्यो राजदरबार।

(१३)

सिरीज देखी उज्याली बूढी सब थोक जानेकी,
रानीले भनिन् "धाइकी लायक मैले यी मानेकी।

(१४)

राजकुमारलाई बनेर धाई सुसार्न लागिन् ती,
पुष्टाइआए कुमार साह्रै तारीफमा आइन् ती।

(१५)

तर ती सिरीज माताको थियो एकतंत्र विचित्र,
देवका शिशु अग्निले पोष्ने अमृतले पवित्र।

(१६)

"नहेर्नु कोही कोठामा आई यो बाल सुताउँदा,
चिहाए देखी विघ्न है पर्ला संभनु जताउँदा।

(१७)

भनेर तिनी बालकलाई मध्य है रातमा,
तेल घसीवरी सुताइलिन्थिन् अग्निका खातमा।

(१८)

जिज्ञासा तर चिहाउन खोज्यो रानीको डराई,
केही दिन खामोस खाएर बस्यो फलले खुशाई।

(१९)

कुमार भयो दिन दिन राम्रो देवझैं उज्वल,
अग्निमा सुती मस्त पो हुन्थ्यो रातभर केवल।

(२०)

एकदिन भने रानीको चाख डरले अडेन,
"बोक्सी पो हो कि के गर्छे यसले " चित्त नै अडेन।

(२१)

ती गई राती तालको प्वालमा गएर चिहाइन्,
आगोमा सुताइ मस्त त्यो बालक देखेर डराइन्।

(२२)

अकस्मात् तिनी चिच्याइउठिन् डरले आत्तेर,
हतपत सिरीज माताले झिकिन् बालक च्याँठ्ठेर।

(२३)

खोलेर ढोका सिरीजले भनिन् अमर बनाउन,
अध्यात्मकला गर्दथें मैले यो देव बनाउन।

(२४)

तर हे रानी! डराइ हजूर भरोस नराखी,
चिहाइबक्स्यो चिच्याइबक्स्यो यै भयो खराबी।

(२५)

तसर्थ अब अमर मैले बनाउन सकिनँ,
एक शय वर्ष आयु है दिन्छु अमृत रहेन।

(२६)

भनेर तिनी बिदाइ लिई छोरीको खोजमा,
हिँडेर गइन् चिराँक लिई असफल रोजमा।

(२७)

तब त कोही देउताले तिनलाई यमका पुरको,
बाटो र बखान बताइदियो रहस्य तलको।

(२८)

यो जानी तिनी नागको रथले मंत्रले बोलाई,
सफल पार्न आर्काको शिशु पोषेको भलाई।

(२९)

छोरीलाई लिन यमपुर ओर्लिन् नागका रथमा,
बाधा र विघ्न छलेर सब अँध्यारो पथमा।

(३०)

सिरीज माता नआउँदै पुगे मर्करी ठट्यौला,
यमराजसँग बसेर भन्छन् वात मारी सुनौला।

(३१)

"मलाई यहाँ जपीतर देवले मिलाउने आज्ञा भो,
के मिलाउँ हजुर? मिलेछन् जोडी राजा र रानीको।

(३२)

खुशी छन् छोरी प्रोजरपीना बदली मुख छैन,
अनारदाना टिपेर गयो छ कि त ! बेचैन ।

(३३)

देवको शर्त पृथ्वी र यमपुर बीचमा यही छ,
यमको घरको फल चाखेपछि वास नै यहीं छ ।

(३४)

यो सुनीकन प्रोजरपीना आँशुले भरिन् ती,
माइती जाने प्यासले प्रबल दुःखमा परिन् ती ।

(३५)

प्लुटोले देखे उनको दुःख वेदना दिलको,
"बस्नलाई भने बाध्य छ आत्मा प्रभावले फलको ।

(३६)

तर यी पृथ्वी हेर्नको इच्छा जननी भेट्नको,
सधैंलाई गर्छिन् क्यै दिन जाऊन् प्यासलाई मेट्न त्यो ।

(३७)

यत्तिमा आइन् क्रोधले काँपी नागरथमा महतारी,
पृथिवी नाशै पार्दिन्छु सबै फलफूल उतारी ।

(३८)

के हाँस्छन् देवदूत मर्करी खुंच्याइ मुखको रेखा रे,
नदेत मलाई लैजान छोरी तोड्नेछु शेखी रे।

(३९)

महेश्वरलाई खेद गर्नुपर्ला ज्वालामुख स्वर्गमा,
नछुटाइदिए यी मेरी छोरी बस्दिनन् नर्कमा।

(४०)

म सारा फल फूल र अन्न ध्वंसन्छु धरामा,
म दिन्छु खान पान रे मानव, पशु र चरामा।

(४१)

संसार सारा भोकले मर्ला प्यासले तिर्खाई,
हरियो हुन्न पृथिवी फेरी रस जाला हराई।

(४२)

ए यमराज! ए छोरीचोर!" यत्तिमा अडिन ती,
प्रोजरपीना घुँक्का ली रुन्थिन् ती तरफ बढिन् ती।

(४३)

"लौ हिंड नानी तयार छ रथ यो कालो देशमा,
बसन हुन्न हे मेरी छोरी यमको वशमा।"

(४४)

यो वचन गरी छोरीलाई लिई हिंड्नलाई तयार,
सिरीजमाता क्रोधले भन्छिन् "आइथिस् एकबार।

(४५)
लौ आइज फेरी यमराज मेरो पृथ्वीमा टेक्नलाई,
मेरा छन् नाग लगाई दिउँला पाइला छेक्नलाई।"

(४६)
भनेर यति नसुनी कत्ति सिरीज तयार,
भइन् है जान पृथिवी लोकमा छोरी ली अपार।

(४७)
मर्करी हाँसी खिलखिल उठे "हे बूढी आम्मा रे,
नगरी शर्त, नलिई बर्त क्या आलू तामा रे।

(४८)
त्यसैले कहाँ आँटेकी जान छोरीलाई लिएर,
तरुनी छोरी घरबार खोस्ने कस्ती है निठुर।

(४९)
लोग्ने नै नभइ के छोरीलाई माइतीकी कुमारी,
के बूढी कन्या राख्ने हो सधैं न केही विचारी?।

(५०)
तरुनी छोरी पोइ नै उनलाई चाहिन्न भने भैं,
स्वामीको काखकी फूल खोसी राख्ने क्या क्रोधी आम्मै नै"।

(५१)

सिरीज अडी हकारी भन्छिन् "के भन्छ ठट्यौले।
लबारपाँडे देउताको यौटा नागलौरे छटौले?" ।

(५२)

"के भन्थें आम्मै! म भन्छु छोरी तरुणी रहिछन्,,
छ महिना यहाँ महाराज प्लुटोसँगमा बसिछन्।

(५३)

स्वास्नीलाई लाग्छ लोग्नेको प्रेम, लतालाई तरुको,
सधैंको माइती रमाइलो हुन्न सधैंलाई मरु हो।

(५४)

त्यसकारण नानी प्रोजरपीना हँसीली भनन,
के फर्किआउन मन छैन तिम्रो आत्मालाई सोधन" ।

(५५)

प्रोजरपीना लाजले निहुरिन् गालामा लाली ली,
सिरीजमाता त्यो देखि अडिन्, फूलको डोली ली।

(५६)

यमको पुरमा अँधेरी हुन्छ फूल ताजा एक डाली,
लिएर गए दुख हुन्न भन्ने सुनेकी हुनाले।

(५७)

"छोरी पो मेरी फसी छ अब" भनेर बुझिन् ती,
एकछिन अडी सबको मुख जाँचेर हेर्दिछन् ती।

(५८)

मर्करी भन्छन् ठट्यौला त्यहाँ "क्रोधकी बखानी,
सिरीजमाता पृथ्वीमा खाली फल्छ कि खुर्सानी ? ।

(५९)

जर्पीना छोरी यमपुरमा बसी अनार एकदाना;
खाएर फसिन् यमराजसँग यस्तो छ जमाना ।

(६०)

यमपुरमा फल अन्न वा चाखे रहनुपर्दछ,
त्यसकारण यिनी छ महिना यहाँ रहने शर्त छ ।

(६१)

छ महिना बाँकी पृथ्वीमा रहून् हरियो बनाई,
खुशीलो हँसीलो पृथ्वीको मुहार मातालाई खुशाई" ।

(६२)

मर्करी उठे पँखेरू खराउ फर्फर पारेर,
त्यो सुनी रथका नागले पङ्ख फट्कारे झारेर ।

(६३)

यमराज उठी मातालाई भन्छन् "छ महिना माइत,
लैजानोस् माता छ महिना तर यमपुरको साहित ।

(६४)

प्रोजरपीना पाउमा परिन् आँखाको जल झारी,
तब ती आमा छोरी दुई हिंडे यमका पुरपारी।

(६५)

त्यसकारण सुनहे सुन्ने जति फूलमाला पैह्लन,
छ महिना पृथ्वी उदासी हुन्छिन् छ मास उब्जन।

(६६)

छ महिना हुन्नन् प्रोजरपिना हिउँद लाग्दछ,
छ महिना खेल्छिन् प्रोजरपिना वसन्त लाग्दछ।

(६७)

यही हो मीठो पृथ्वीको कथा ग्रीसले गुथेको,
कल्पनाभित्र सत्य छ चर्को रहस्य भरेको।

(६८)

कल्पना राम्रो अक्षय सुन्दर शिवको राहमा,
मानव दौलत मानव मिठास मानव चाहना।

(६९)

यो कथा अमर दिलमा धार्ने फूलमाला पैह्लन,
वैकुंठ बस्ने बूढा बालाई रुद्राक्ष बेह्लन।

(७०)

सुन्नेलाई दिन्छु सुनको माला धर्नेलाई हृत्ज्वाला,
जसले यस्तो रहस्य जान्यो दिवस उज्याला।

# अन्त्य खण्ड

## उपदेश-दर्शन

(१)

कथा त मेरो सिद्धिइसक्यो रमाइलो जर्पीना,
टाढालाई जान नखोज्ने पुछून् यही ठाउँ पसीना।

(२)

रहस्य यसको क्या हो त भनी बुझ्लाई जो खोजून्,
अगाडि बढी कलमको संकेत जो मिल्छ सो रोजून्।

(३)

सिर्जन्छौं कथा मानवआत्मा संसारी प्रबन्ध,
राख्नलाई एउटा रहस्यभित्र खोजेर सुगन्ध।

(४)

मानव कल्पना यथार्थ हेरी जीवन पथमा,
रहस्यचेता कहानी लेख्छ समय खेतमा।

(५)

सपना जस्तो अन्तरभावी यथार्थ झलक छ,

कथामा त्यस्तै मानव जीवनको अन्तर पलक छ।

(६)

जो साधु शिव कल्पना सुन्दर सत्यको अचेता,
त्यो हुन्छ हेर विश्वमा ठूलो रहस्य प्रचेता।

(७)

पृथिवीलाई मानव भाव माता झैं कल्पिन्छ,
पृथिवीमाता भनेर सारा भाषाले जल्पिन्छ।

(८)

तिनलाई देख्नु सजीव हाम्रो मानव जीवनको,
अनन्त अक्षर कल्पना जान विश्वका सदनको।

(९)

पृथिवी माता स्वप्निल भेषमा आत्माझैं मानव,
स्त्रीरूपमा हाम्रो वास गर्छिन् यहाँ देखाई गौरव।

(१०)

पृथिवी रूप जननी सारा सिर्जनका माताछन्,
शिशुका धाई, अन्न र रसका संसारका दाता छन्।

(११)

स्त्रीलाई जब आदर हुन्न जननी आदर,
पृथिवी हुन्छिन् रसले हीन।
बन्दछ माटो फोस्रो झैं मैन,

अन्न र पात फल्दैनन् धर्म्म नास्दछ पामर।

(१२)

पृथिवीलाई जननी भावले सजीव स्वरूपा,
सृजनदेवी सिरीज नामक भो ग्रीसमा अनूपा।

(१३)

पृथिवी होइनन् देवी नै भन्ने आत्माले विहीन,
बुभ्दैनन् सत्य अध्यात्म तत्व नास्तिक्य प्रवीण।

(१४)

यस्ती यी धरा सजीव स्वरूप मानव जननी,
मानववास अन्न-रस-तनी सर्पकी जीवनी।

(१५)

यी केही होइनन् माटाकी गोला अग्निकी उदर,
सजीवता नै यिनमा छैन भन्दछ पामर।

(१६)

जननी भावले सजीव पृथिवी आत्मा भैं विशाल,
पुग्नु नै पर्छ कृतज्ञ दिलले नराखी कुचाल।

(१७)

विश्वको स्थितिमा पृथिवी पनि आत्मा छन् सजीव,
आत्मा नै छैन पृथ्वीको भन्नु विज्ञान अजीब।

(१८)

पृथ्वीमा पनि नभई आत्मा स्थितिको विकाशमा,
कसरी होला नियति गोल चैतन्य प्रकाशमा।

(१९)

मानव जीवन राख्नलाई जसको जननी भारा छ,
त्यो मट्टीगोला अवश्यै होइन आत्माको सहारा छ।

(२०)

हामीले देख्ने भौतिक पिण्ड निरात्मा बुझिन्छ,
पृथ्वीको देहसम्म पो देख्यौं अरू के बुझिन्छ।

(२१)

पृथिवी माता हामीले भाव्दा आत्माले विहीन,
भावेर कहाँ भावसत्य रह्यो चेतमा मिहीन ?।

(२२)

पृथिवीलाई मट्टीको गोला देहको स्वरूप,
संझेर आत्मा ब्रह्माण्डस्थिर संझेमा के खराप ?।

(२३)

भौतिक दर्शन आत्माको चेतको प्रदर्शन मानेमा,
समस्त तारा देह हुन् भौतिक आत्माका स्थानमा।

(२४)

नक्षत्र प्रत्येक पछाडि होला एक देव आत्मा रे,

जसको कर्म्म पिण्डको दर्शन गगनमा रातमा रे।

(२५)

पृथिवीलाई एक देवी आत्मा मानव प्रदोषी,
जरुर पालन गर्दछ यहाँ नियममा अनोखी।

(२६)

भौतिक पिण्ड प्रदर्शन गरी आत्माले धारेर,
शायद् यो मानव जातिको रक्षा चित् गर्छ चारेर।

(२७)

तसर्थ पृथिवी सजीव रूपमा चैतन्य धारिणी,
देवीको आत्मा भनेर लिए मानव पोषिणी।

(२८)

वायुमा पनि आत्माको चैन चैतन्य चालन,
भन्नु हो फजूल भौतिक गति चित् गर्छ पालन।

(२९)

वायुको पनि भौतिक प्रसार पछाडि देवको,
आत्माको होला जरूर क्रिया ईश्वर सेवाको।

(३०)

सागर या जलमा के अधिष्ठाता आत्मा नै पाइन्न ?,
अध्यात्म क्षेत्र आत्मा र देवले भरी छ जानिन्न।

(३१)

प्रकृतिभित्र स्वात्म छ क्रिया अचेत अज्ञानी,
अन्धोपन हुन्छ भनेर भन्ने अन्धो छ विज्ञानी।

(३२)

नियतिमय विश्व छ भन्ने आत्मा छ अधिस्थ,
छन् अघिष्ठाता भौतिक दर्शन सबमा शिवस्थ।

(३३)

यो चेतलाई बिगार्नु हाम्रो विज्ञानी अन्धता,
अध्यात्मवादी बनेर भन्छु आत्माको सब व्यथा।

(३४)

चैतन्यशील आत्माले चाल्छ ईश्वर आज्ञामा,
पृथिवी वायु, जलका स्थिति चेतन प्रज्ञामा।

(३५)

यो विश्वस्थिति सत्य हो भन्ने सनातन कल्पना,
ऋषि र मुनि के हाम्रा गर्थे बकबक जल्पना?।

(३६)

देवका दूत विचर्छन् भन्ने अरुको भनाइ छ,
स्थितिमा राख्न यो सृष्ट विश्व देवको चिताइ छ।

(३७)

भौतिकपिण्ड हामीले देख्छौं के छैन पछाडि,

आत्माको स्थिति, अधिष्टदेव, ईश्वरका अगाडि ? ।

(३८)

ईश्वरको चेतले चलाउँछ चालमा प्रकृति भनेर,
स्थानोपयोगी देव छैन भन्नु अन्धोपन गुनेर ।

(३९)

जो अधिष्ठाता या अधिष्ठात्री देवता समर्थन,
गरेर भन्छ मानव आत्मा पृथिवी देवी हुन् ।

(४०)

देहको धारी म लक्ष्मीप्रसाद आत्माले सम्पन्न,
यो मिट्टी गोला अरुले देख्छ देव छु म धन्य ।

(४१)

बाहिरी दर्शन छकावट दिन्छ अध्यात्म-दर्शन,
पृथिवीपिण्ड पछाडि देख्छ देवीको स्पर्शन ।

(४२)

आत्माको एउटा मानवपोषक चेतन प्रसार,
पृथिवीपिण्ड बनेको होला नियति अनुसार ।

(४३)

ती मातालाई स्त्रीरूप हामी प्रतिम धरामा,
विचरमा गर्दी कल्पना गर्छौं स्वप्निल कुरामा ।

(४४)

कल्पना हाम्रो सत्य नै होइन भन्नु हो पाखण्ड,
कथाको संसारभित्र जो सत्य त्यो झन् छ अखण्ड।

(४५)

अन्नको रस दूध हो माइको भनेर पिएर,
माता झैं हामी खँदीला मान्छौं उनमा जिएर।

(४६)

ब्रह्माण्ड विश्व अनन्त ठूलो पृथिवी भुरुङ,
आत्माले एउटा चालेर लग्छ मञ्चमा अजङ।

(४७)

यस्ती यी पृथ्वी मानववास चैतन्य विहीन,
थितीमा त्यसै गोलाइ लेलिन? अधिष्ट विहीन।

(४८)

तब यो हाम्रो "पृथिवीमाता" कल्पना सत्य छ,
पृथ्वीको आत्मा छ भन्ने भाव मानवमा नित्य छ।

(४९)

आत्मा र वस्तु छुट्याउनलाई पृथिवी वस्तु हो,
भन्नु त विज्ञान, अध्यात्म होइन, त्यो चेत सत्य हो।

(५०)

अध्यात्मदृष्टि पृथ्वीलाई भन्छ देव र सचेतन,

देहको पिण्ड चिताई राख्ने आत्माको प्रकीर्तन।

(५१)

पृथिवी माता सृजना गर्छिन् त्यसैले सिरीज,
सृजी या सृजा भन्ने यो नाम ग्रीसको तमीज।

(५२)

पृथ्वीको छोरी प्रोसरपिना यमले लगेकी,
छ महिना बस्छिन् पृथ्वीमा छ मास यमपुर रही ती।

(५३)

कोही त भन्छन् ती वानस्पत शाककी जीवनी,
छ महिना हिउँद प्रवासी हुने छ मास अवनि।

(५४)

विश्वको चक्र नियति स्थित जगतजीवनमा,
ऋतुको चाल संचार गर्छ वर्षको गमनमा।

(५५)

नियति चक्र अध्यात्म तत्त्वहरुमा निर्भर छ,
जीवन क्रम अघि र पछि गाँसेर विचर्छ।

(५६)

आधा छ रात आधा छ दिन दिवस चक्रमा,
छ मास हिउँद छ मास गरम वर्षका चक्रमा।

(५७)

ध्रुवमा हुन्छ छ मास दिन छ मास निशा रे,
हिउँद निशा ग्रीष्म भो दिन यो ध्रुव दशा रे।

(५८)

रूपान्तर केही ली परिवर्तन चक्र यो स्थिर छ,
समय चक्र नक्षत्रगति प्रबंधी फिर्दछ।

(५९)

शनिका दिन राहुका दिन मंगल दिवस,
सबैमा यौटा समय चक्र संबन्ध राख्दछ।

(६०)

नत्र यो विश्व स्थितिमा हुन्न अन्धो भै नियम,
त्यसले यौटा विशाल नियम राख्दछ स्वक्रम।

(६१)

अँध्यारी केही उज्याली केही नियति चल्दछ,
चन्द्रको एक मुख उज्यालो आर्को अँधेरमा डुल्दछ।

(६२)

नियति चक्र नपारी फेला सीमको ज्ञानले,
अचानक तथा काकतालीहरू भास्दछ मानले।

(६३)

चैतन्य चक्र जीवको मनमा नियतिबद्ध छ,

भावका हामी काकताली देख्छौं चेतनले बुझ्दछ।

(६४)

पृथ्वीकी छोरी सन्तानलाई सधैंभर उज्यालो,
यसतर्फ मात्र हुँदैन भन्छ कथाको दियालो।

(६५)

दिवा र निशा संकेत बन्छन् अध्यात्म क्षेत्रमा,
जीवनमा मृत्यु छायाको भावले जीवित चेतमा।

(६६)

निद्राको झल्को मृत्युको हाम्रो अचेत सुषुप्ति,
कालको हामी अँगाल्छौं छाया नपाई विज्ञप्ति।

(६७)

स्वप्ना हो हाम्रो अध्यात्म जीवन उसपारको संकेत इशार,
आत्माले गर्छ विचरण त्यस्तै मृत्युको उसपार।

(६८)

तब छ आर्को अँध्यारो क्षेत्र असूर्य तिमिर,
कथाको कुरा न भन्नु हुन्छ खँदीलो यमपुर।

(६९)

यमपुरमा हुन्न सूर्यको ज्योति चन्द्रको चाँदनी,
पापका आत्मा बस्दछन् त्यहाँ यो चक्र चालमनि।

(७०)

यमपुरका राजा ईश्वरको आज्ञा पाल्नलाई पाताल,
राज गरी बस्छन् रत्नको ज्योति जगाई विशाल।

(७१)

प्रोजरपिना पृथ्वीकी छोरी यमकी महारानी,
छ महिना बस्नी यमपुर आउँछिन् छ महिना यहाँ नी।

(७२)

यसरी आत्मा तम र प्रकाश समयानुसार,
कर्म्मको भोगमा भोग्दछन् भन्ने मेरो छ विचार।

(७३)

यमराजका थिए पुण्यका आत्मा अँधेर नगरमा,
उनलाई स्वर्ग रोशनी एउटी पुऱ्याए रहरमा।

(७४)

पुण्यका आत्मा स्वर्गकी सँगी स्त्री एक पाएर,
अमर प्रेमले वास गर्छन् सँगमा धर्म्ममा धाएर।

(७५)

धर्म्मका राजा यमराज थिए पाताल गएर,
एक आत्मा सँगी स्वर्गकी धन ती बसे पाएर।

(७६)

दांपत्य प्रेम स्वर्गको धन यमपुरमा मिलाई,

यमराजको दुःख मिटाउँथे ईश्वर सँगी दी उनलाई।

(७७)

यमको घरमा खाएको अन्न यमपुरको वास छ,
एकबाजि खाए समात्छ त्यल्ले नरकको पाश छ।

(७८)

ज्वालामुख हुन्छन् देवताहरू महेश महान,
सत्य हो अग्नि सत्यको मुख ज्वालाको समान।

(७९)

जपीतर देव महेशस्वरुप व्यवहार सुशील,
लीलाका चतुर देवदूत भेज्छन् प्रबंध प्रलील।

(८०)

सविता देव किरणाकार सत्याग्नि सुवर्ण,
वीन-लाई गरी झन्कार फिर्छन् जीवनको अवर्ण्य।

(८१)

हेकेटी नामकी वैराग्य देवी तापको स्वरूप,
अनन्त ज्ञानी रौरव सुन्छिन् संसारको अनूप।

(८२)

सिजीयन गुफा वैराग मनका रौरवमय छन्,
वैरागी हाँस्नु विघ्न छ भन्छन् संसारमा ती रुन्छन्।

(८३)

अग्निले राख्छ संसारको धर्म देवत्व अमृत,
प्रकाश दिन्छ सन्तानलाई मानव नत्र छ सब मृत।

(८४)

आर्काको शिशु पोस्नाले मिल्छ आफ्नो रे स्वबाल,
यमपुरको जति अँध्यारो घन होस् मृत्यु झैं विशाल।